# स्थानीय राजपत्र

खण्ड ९ | संख्याः १ | मिति : २०८२/१/२४

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२।०१।२४ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको नियम नं. १

गेरुवा बहुमुखी क्याम्पस संञ्चालन अनुदान कार्यबिधि (पहिलो संशोधन), २०८०

# गेरुवा बहुमुखी क्याम्पस अनुदान कार्यबिधि(पहिलो संशोधन),२०८०

प्रमाणीकरण मितिः २०८०/११/१४

प्रथम संशोधन मितिः २०८२/०१/२४

**प्रस्तावना**

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्न टेवा पुर्याउन, गेरुवाबासीको चाहना अनुसार गाउँपालिकाभित्र योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्यले गेरुवा गाउँपालिकामा संञ्चालन हुन लागेको बहुमुखी क्याम्पसलाई गाउँपालिकाको उच्च शिक्षाको हबको रुपमा बिकास गर्नमा सहयोग पुर्याउन, गाउँपालिकाको एक मात्र क्याम्पस संञ्चालन तथा ब्यवस्थापन कार्यलाई मूर्त रुप दिई यसको दिगो बिकासमा प्राविधिक र आर्थिक सहयोग पुर्याउन बाञ्छनीय भएकोले गेरुवा गाउँपालिकाको प्रशासकिय कार्यबिधी, २०७६ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२।१।२४ गतेको बैठकको निर्णयले यो "गेरुवा बहुमुखी क्याम्पस अनुदान कार्यबिधि(पहिलो संशोधन), २०८०" जारी गरेको हो ।

## परिच्छेद-१
## सक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम,प्रारम्भ र ब्याख्या**

(क) यस कार्यविधिको नाम **"गेरुवा बहुमुखि क्याम्पस अनुदान कार्यबिधि(पहिलो संशोधन),२०८०"** रहेको छ।

(ख) यो कार्यबिधि गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले गेरूवा गाउँपालिकाको कार्यालयलाइ सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले गेरूवा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) "क्याम्पस" भन्नाले विश्वविद्यालयबाट सम्बन्धन लिइ गेरुवा गाउँपालिका वडा नं.२ पाताभारमा सञ्चालन हुने गेरूवा बहुमुखि क्याम्पस लाइ सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरूवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ |

(ज) "आर्थिक प्रशासन शाखा" भन्नाले गेरूवा गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

(झ) "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ञ) "अनुदान" भन्नाले क्याम्पस स्थापना, सञ्चालन, ब्यवस्थापन र दिगो बिकासका लागि गाउँपालिका कार्यालयले उपलब्ध गराउने धरौटी रकम, शुल्क, आर्थिक सहयोग रकम, ब्यवस्थापन खर्च रकम वा अनुदान रकम लाइ बुझाउँदछ ।

(ट) "संकाय" भन्नाले मान्यता प्राप्त शिक्षण संस्था वा क्याम्पसले सञ्चालन गरिरहेका गराइरहेका शिक्षा, मानविकी, ब्यवस्थापन, कानुन, विज्ञान तथा प्रविधि जस्ता बिभिन्न संकायलाइ सम्झनु पर्दछ ।

(ठ) "साधारण शिक्षा" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाले अध्यापन गराइरहेका साधारण तर्फ शिक्षा, मानविकी, ब्यवस्थापन, कानुन जस्ता अप्राविधिक क्षेत्रका विधागत विषयहरुलाइ सम्झनु पर्दछ ।

(ड) "प्राबिधिक शिक्षा" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाले अध्यापन गरिरहेका प्राविधिक धार तर्फ इन्जिनियरिङ्ग, चिकित्साशास्त्र ,स्वास्थ्य विज्ञान, कृषि विज्ञान, वन विज्ञान लगाएतका प्राबिधिक क्षेत्रका बियहरुलाइ सम्झनु पर्दछ ।

(ढ) "बहुप्राबिधिक" भन्नाले प्राबिधिक क्षेत्रका मान्यता प्राप्त शिक्षण संस्थाले अध्यापन गराइरहेका विविध विषयहरु सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य

**३. कार्यविधिको उद्देश्यः** गेरूवा बहुमुखि क्याम्पस स्थापना, संञ्चालन र त्यस्को दिगो ब्यवस्थापन कार्यमा आवश्यक पर्ने शुल्क,आर्थिक सहयोग, अनुदान रकम उपलब्ध गराउन सहजीकरण गर्ने उदेश्यले यो कार्यविधि निर्माण गरिएको हो । यो कार्यविधि निर्माण गर्नुको मुख्य उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

- क्याम्पस सञ्चालनका लागि आवश्यक पर्ने धरौटी रकमको ब्यवस्थापन गर्न ।
- क्याम्पस स्थापना, सञ्चालन र ब्यवस्थापनका लागि आवश्यक पर्ने शुल्क, खर्च रकम, आर्थिक सहयोग र अनुदान रकम उपलब्ध गराउन ।
- क्याम्पसलाई प्रदान गरिने अनुदान रकमको सुनिश्चतितता कायम गर्न ।
- क्याम्पसमा विभिन्न शैक्षिक एबम् प्राज्ञिक कार्यक्रमहरु सञ्चालन गर्न कार्यालयबाट आर्थिक सहयोग प्रदान गर्न र निश्चित मापदण्ड बमोजिम अनुदान रकम उपलब्ध गराउन।
- क्यापसको शैक्षिक एवम अनुसन्धानमुलक कार्यका लागि आवश्यक पर्ने जग्गा, भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना, फर्निचर, पुस्तकालय, प्रयोगशाला, खानेपानी सुविधा, खेलमैदान र अन्य शैक्षिक सामग्रीको ब्यवस्थापनका लागि अनुदान सहयोग गर्न ।

- क्याम्पसमा आवश्यकता अनुसार शिक्षक, प्रशिक्षक, प्रध्यापक र कर्मचारीको पारिश्रमिक र शैक्षिक कार्यक्रम सञ्चालन र ब्यवस्थापनका लागि निश्चित मापदण्ड अनुसार अनुदान रकम उपलब्ध गराउन।
- क्याम्पसको शैक्षिक एबम् प्राज्ञिक उन्नयनका लागि बिविध आर्थिक स्रोतको खोजि गर्न ।
- क्याम्पसको संस्थागत विकास र विस्तारका लागि सरोकारवालासँग आर्थिक सहयोग जुटाउन ।
- क्याम्पस सञ्चालन र ब्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्न ।

## परिच्छेद-३

## अनुदान सिफारिस समिति

### ४. अनुदान सिफारिस समिति

कार्यालयबाट क्याम्पस स्थापना, संञ्चालन र ब्यवस्थापनका लागि प्रदान गरिने अनुदान रकमको सम्बन्धमा गाउँ कार्यपालिकालाई सिफारिस गर्नका लागि गाउँपालिकामा देहायबमोजिमको एक अनुदान सिफारिस समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सह-संयोजक

ग) समाजिक विकास समिति संयोजक — सदस्य

घ) क्याम्पस रहेको वडाको वडा अध्यक्ष — सदस्य

ङ) गाउँपालिका क्षेत्र भित्रका शिक्षा तथा सामाजिक बिकास क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका, शिक्षाप्रेमी, शिक्षाबिद, अनुभवी शिक्षक /प्रशिक्षक/ प्रध्यापकमध्येबाट समितिले मनोनित गरेको २ जना ब्यक्ति —सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत —सदस्य सचिव

**५.** समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाको विषयगत शाखाका शाखा प्रमुख तथा बिषयगत क्षेत्रको विज्ञ ब्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**६.**समितिको बैठक अध्यक्षको संयोजकत्वमा संञ्चालन गरिनेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षको संयोजकत्व र उपाध्यक्षको पनि अनुपस्थितिमा समितिका उमेरको हिसाबले ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिको बैठक संञ्चालन गर्न सकिनेछ ।

७.समितिमा मनोनित सदस्यको पदाबधी समान्यतया ३ बर्षको हुनेछ ।

८. समितिको बैठक सामान्यतया ३ महिनामा एकपटक वा आवश्यकता अनुसार जुनसुकै बेला बस्नसक्नेछ ।

९. समितिको सदस्यहरुको बैठक भत्ता सम्बन्धि सुविधा गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-४
## अनुदान सम्बन्धी व्यवस्था

**१०. अनुदान रकम :** विश्वविद्यालयबाट सम्बन्धन लिनुअघि क्याम्पस स्थापना र सञ्चालनको प्रक्रियामा रहेको र सम्बन्धन लिइ क्याम्पस नियमित रूपमा सञ्चालन भएको खण्डमा गाउँपालिका कार्यालयबाट देहायबमोजिमको विवरण अनुसार तोकिएको शिर्षकमा खर्च प्रमाणितका आधारमा अनुदान रकम सम्बन्धित क्याम्पसको खातामा उपलब्ध गराइनेछ ।

| क्र.स. | शिर्षक/विवरण | बार्षिक अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | धरौटी शुल्क (प्रति नयाँ कार्यक्रम) | क) रु १५,०००००। (साधारण)<br>ख)रु ३०,०००००।(प्राविधिक) | |
| २ | धरौटी शुल्क (प्रति नयाँ समुह Section) | क) रु ३,०००००। (साधारण)<br>ख)रु ५,०००००। (प्राविधिक) | |
| ३ | सम्भाब्यता अध्ययन शुल्क (प्रति विषय) | क) रु १,५०००० ।(साधारण)<br>ख) रु २,०००००। (प्राविधिक) | |
| ४ | प्राविधिक मूल्याङ्कन शुल्क (प्रति नयाँ कार्यक्रम) | क) रु १,००००० ।(साधारण)<br>ख) रु २,०००००। (प्राविधिक) | |
| ५ | प्राविधिक मूल्याङ्कन शुल्क (प्रति थप समुह Section) | क)रु १,००००० ।(साधारण)<br>ख)रु १,५००००। (प्राविधिक) | |
| ६ | अक्षय कोष रकम | क)रु ३०,०००००। (साधारण)<br>ख) रु ४०,०००००।(प्राविधिक) | * |

(* पहिलो संशोधनबाट थप गरिएको)

**११.धरौटी शुल्क:** विश्वविद्यालय सञ्चालन तथा सम्बन्धन कार्यविधि बमोजिम प्रत्येक नयाँ कार्यक्रम (साधारण र प्राविधिक शिक्षा कार्यक्रम)सञ्चालन गर्नका लागि जम्मा गर्नुपर्ने कार्यविधिमा तोकिएबमोजिमको धरौटी रकम गाउँपालिकामा सञ्चालित क्याम्पसको खातामा निकासा गरिनेछ। यदि क्याम्पस सञ्चालन गर्न नसकेको खण्डमा उक्त धरौटी रकम सम्बन्धित शिक्षण संस्था वा क्याम्पसले गाउँपालिकाको खातामा फिर्ता गर्नुपर्नेछ।

**१२. सम्भाब्यता अध्ययन शुल्क :** विश्वविद्यालय सञ्चालन तथा सम्बन्धन कार्यविधि बमोजिम कुनैपनि कार्यक्रम र बिषय सञ्चालन गर्नु अघि क्याम्पसले सम्भाब्यता अध्ययन शुल्क वापत विश्वविद्यालयलाइ बुझाएकको रकम गाउँपालिकामा सञ्चालित क्याम्पसको खातामा बार्षिक रूपमा एकमुष्ट निकासा गरिनेछ।साधारण र प्राविधिक

शिक्षा कार्यक्रम अन्तर्गत प्रत्येक बिषयको लागि विश्वविद्यालय सञ्चालन कार्यविधि बमोजिम तोकिएको छुट्टाछुट्टै शुल्क रकम क्याम्पसको खातामा निकासा गरिनेछ।

**१३. प्राविधिक मूल्याङ्कन शुल्क:** विश्वविद्यालय सञ्चालन तथा सम्बन्धन कार्यविधि बमोजिम क्याम्पसमा प्रत्येक शैक्षिक कार्यक्रम र बिषय सञ्चालन तथा ब्यवस्थापनको लागि तोकिएको प्राविधिक मुल्याङकन खर्च वापतको रकम गाउँपालिकामा सञ्चालित क्याम्पसको खातामा बार्षिक रूपमा एकमुष्ट निकासा गरिनेछ ।

**१४. *अक्षय कोष रकम:** विश्वविद्यालय सञ्चालन तथा सम्बन्धन कार्यविधि बमोजिम क्याम्पसको शैक्षिक कार्यक्रम सञ्चालनका लागि अक्षय कोष स्थापना गर्न र क्याम्पसको आर्थिक अवस्था सूनिश्चित गर्न प्रत्येक कार्यक्रम एवम साधारण र प्राविधिक बिषय अन्तर्गत कार्यविधिमा तोकिएबमोजिमको अक्षय कोष रकम गाउँपालिकाले क्याम्पसको खातामा निकासा गर्नेछ। यदि क्याम्पस सञ्चालन गर्न नसकेको खण्डमा उक्त अक्षय कोष रकम सम्बन्धित क्याम्पसले गाउँपालिकाको खातामा फिर्ता गर्नुपर्नेछ।

**१५. प्राज्ञिक /शैक्षिक कार्यक्रम र अन्य ब्यवस्थापकीय खर्च : :** विश्वविद्यालय सञ्चालन तथा सम्बन्धन कार्यविधि बमोजिम नियमित रूपमा सञ्चालन भइ क्याम्पसको प्राज्ञिक/शैक्षिक कार्यक्रम सञ्चालन एवम ब्यवस्थापनका लागि अति आवश्यक पर्ने खर्च रकम र क्याम्पसको अन्य ब्यवस्थापकीय पक्षको खर्च प्रमाणित रकम अनुदान समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबमोजिम आवश्यकता अनुसार क्याम्पसको खातामा बार्षिक वा अर्धवार्षिक रूपमा भुक्तानी गर्न सकिनेछ।

**१६.** यस कार्यबिधि अनुसार प्राप्त अनुदान रकमको सम्बन्धमा क्याम्पसले आफ्नो प्रत्येक बर्षको आय-ब्ययको लेखापरिक्षण प्रतिवेदनमा समाबेश गरी गाउँपालिकामा पेश गरेको हुनुपदर्छ ।

**१७.** विश्वविद्यालय ऐन तथा कार्यबिधि अनुसार क्याम्पस संञ्चालन र ब्यवस्थापन खर्च रकम वा शुल्क रकम परिमार्जन भएमा सोही बमोजिम संशोधन हुनेछ ।

## परिच्छेद-५

## अनुदान निकासा प्रक्रिया

**१८. अनुदान रकम माग**

(क) क्याम्पसले यस कार्यबिधि बमोजिम सञ्चालक समिति वा क्याम्पस ब्यवस्थापन समितिको निर्णय बमोजिम गाउँपालिका कार्यालयमा त्रैमासिक वा बार्षिक रुपमा आवश्यक कागजात संलग्न गरी अनुदान रकम माग गर्नुपर्नेछ ।

(ख) क्याम्पसले कार्यालयमा माग गरेको अनुदान रकम र संलग्न कागजातहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत अनुदान सिफारिस समितिमा पेश गरिनेछ त्यसपश्चात सो समितिले निर्णय गरी अनुदान रकम प्रदान गर्न गाउँ कार्यपालिकालाइ सिफारिस गर्नेछ।

(ग) कार्यालयबाट गाउँ कार्यपालिकाले निर्णय गरेबमोजि अनुदान रकम सम्बन्धित क्याम्पसलाइ भुक्तानी दिइनेछ। गाउँ कार्यपालिकाको निर्णय भइ क्याम्पसलाइ भुक्तानी दिइएको अनुदान रकम र सोको खर्च बिबरण गाउँ सभाबाट अनुमोदन गर्नुपर्नेछ।

**१९. अनुदान निकासा**

(क) गाउँ कार्यपालिकाको निर्णय बमोजिम यस कार्यबिधिमा उल्लेखित शिर्षक अनुसार अनुदान रकम आवश्यक प्रक्रिया पुर्‍याई सम्बन्धित शिक्षण संस्था वा क्याम्पसको खातामा निकासा गरिनेछ र क्याम्पसले खर्च गरेको रकम सोधभर्ना गरी भुक्तानी गर्ने ब्यवस्था समेत मिलाईनेछ ।

(ख) बिश्वाविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेपछि भने नियमित रूपमा क्याम्पस संञ्चालन गरिरहेको अवस्थामा शैक्षिक तथा ब्यवस्थापन कार्यमा खर्च गरेको रकम सम्बन्धित क्याम्पसको खातामा अनुदान स्वरूप भुत्तानी गरिनेछ ।तर क्याम्पसले अनुदान रकम माग गर्दा स्वीकृत कार्यक्रममा खर्च गरेको खर्च विवरण सहित प्रमाणित कागजातहरू गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ।

(ग) धरौटी शुल्क बाहेक खर्च गरेको अन्य शुल्क रकम सम्बन्धित शिक्षण संस्था वा क्याम्पसले गाउँपालिका कार्यालयको खातामा फिर्ता गर्नुपर्ने छैन।

## परिच्छेद-६
## बिबिध

२० क्याम्पसको संरक्षण र क्याम्पस सँग समन्वय गर्ने दायित्व गाउँपालिकाको पनि हुनेछ । क्याम्पसमा संञ्चालन गरिने शैक्षिक तथा प्राज्ञिक कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गाउँपालिकाले समेत गर्नेछ ।

२१ यस कार्यबिधि बमोजिम क्याम्पसलाई प्रदान गरिने अनुदान रकमलाई सदुपयोग गर्ने र तोकिएको शिर्षकमा खर्च गरी त्यसको बार्षिक लेखापरिक्षण प्रतिबेदन गाउँपालिका कार्यालयमा बुझाउने जिम्मेवारी क्याम्पसको हुनेछ ।

२२ यस कार्यबिधिमा जुनसुकै कुरा लेखिएता पनि आर्थिक कारोबार गर्दा नेपाल सरकारको प्रचलित ऐन नियमको प्रक्रिया पुरा गरेर मात्र गर्नुपर्छ ।

२३ यस कार्यबिधिमा उल्लेख गरिएको ब्यवस्थाहरु प्रचलित ऐन नियमसँग बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४ यो कार्यबिधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन एवम परिमार्जन गर्न सक्नेछ ।